प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी
बालाजु, काठमाण्डौं
फोन: 4972213, 4970214, 4970228 | इमेल: bset1962balaju@gmail.com | www.bset.org.np

मिति: ...............

पत्र संख्या: २०८३/०८४
च.नं.

## विषय विज्ञ (Expert Roster) सूचीकृत सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८३/०३/२९)

बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजीमा सञ्चालन भइरहेका डिप्लोमा तथा प्रि-डिप्लोमा तहका इन्जिनियरिङ कार्यक्रमहरूमा प्रशिक्षण सम्बन्धी शैद्धान्तिक तथा प्रयोगात्मक कार्यहरूका लागि विषयगत विज्ञहरूको रोस्टर (Expert Roster) तयार गर्न आवश्यक भएकोले देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता तथा अनुभव भएका इच्छुक एवं योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन आह्वान गरिन्छ।

### १. विषयगत क्षेत्र तथा न्यूनतम योग्यता

| क्र.सं. | विषय | न्यूनतम योग्यता |
|---|---|---|
| १ | Electrical Engineering | इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| २ | Civil Engineering | सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| ३ | Automobile Engineering | अटोमोबाइल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| ४ | Mechanical Engineering | मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| ५ | Mechatronics Engineering | मेकाट्रोनिक्स इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| ६ | Biomedical Engineering | बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह तथा सम्बन्धित क्षेत्रमा न्यूनतम ३ (तीन) वर्षको कार्य अनुभव |
| ७ | Engineering Physics | भौतिकशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| ८ | Engineering Chemistry | रसायनशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| ९ | Applied English | अंग्रेजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| १० | Applied Nepali | नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| ११ | Engineering Mathematics | गणित विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| १२ | Biology | जीवविज्ञान/वनस्पतिशास्त्र/प्राणीशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा सो सरह |
| १३ | Anatomy & Physiology | कुनै पनि स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |
| १४ | Health Care Management | कुनै पनि स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह |

बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं, २०१८

## २. आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू

- व्यक्तिगत विवरण (Curriculum Vitae/Bio-data)
- सम्बन्धित शैक्षिक योग्यताका प्रमाणपत्र तथा ट्रान्सक्रिप्टहरूको प्रतिलिपि
- नेपाल इन्जिनियरिङ परिषद् (Nepal Engineering Council) को दर्ता प्रमाणपत्रको प्रतिलिपि (इन्जिनियरिङ विषयका लागि लागू हुने)
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित कार्य अनुभव प्रमाणित गर्ने कागजात
- अन्य सम्बन्धित व्यावसायिक प्रमाणपत्र वा तालिम प्रमाणपत्र (भएमा)

## ३. आवेदन पेश गर्ने तरिका

आवेदकले आवेदन फारम सहित आवश्यक कागजातहरू स्क्यान गरी एकीकृत (PDF) फाइलको रूपमा तयार गरी **bset1962balaju@gmail.com** मा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पठाउनुपर्नेछ।

## ४. अन्य व्यवस्था

- प्राप्त आवेदनहरूको प्रारम्भिक मूल्याङ्कनपछि आवश्यकताअनुसार मात्र योग्य आवेदकलाई सम्पर्क गरिनेछ।
- विषयगत विज्ञको रोस्टरमा सूचीकृत हुनु नियुक्ति वा कार्य प्रदान हुने सुनिश्चितता मानिने छैन।
- रोस्टरमा सूचीकृत विज्ञहरूको सेवा आवश्यकताको आधारमा प्रचलित नियम, कार्यविधि तथा शिक्षालयको निर्णयबमोजिम उपयोग गरिनेछ।
- रोस्टरमा सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजीमा सुरक्षित रहनेछ।

*थप जानकारीका लागि कार्यालय समयभित्र यस शिक्षालयमा सम्पर्क गर्न सकिनेछ।*
*सम्पर्क नं.: ९८५१३४५७९७, ९८४९१५४२३६, ९८४९२५१२११, ०१-४९७०२१३, ०१-४९७०२२८, ०१-४९५४५१३*

आवेदन फाराम डाउनलोड गर्न: https://bset.edu.np/notices

..........................
**शिक्षालय प्रमुख**